# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०५।११ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

--------------------------------------------------

धनगढी उच्च माध्यामिक विद्यालय, धनगढी-८ कैलालीमा कार्यरत सहायक लेखापाल रामा शंकर रानाले नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी उक्त पदमा कार्यरत रहेको हुँदा छानविन गरी आवश्यक कारबाही गरीपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजले उक्त पदमा नियुक्ति पाउने र सो हैसियतले लाभ तथा सुविधा पाउने उद्देश्यले माध्यामिक शिक्षा परिषद, उत्तर प्रदेश भारतबाट हाई स्कुल तह उत्तिर्ण भएको नक्कली एवं झुठ्ठा प्रमाणपत्रहरु पेश गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९(२) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता